विश्वका श्रमिक - एक होऔं !

नेपाली कम्युनिष्ट पार्टी
Nepali Communist Party

जिल्ला समिति, काभ्रेपलाञ्चोक
District Committee, Kavrepalanchok

मितिः २०८३/०८/०२

कमरेड इञ्चार्ज/संयोजक
.....गाउँ/नगर पालिका समिति, काभ्रे

विषयः परिपत्र (४) ।

हाम्रो महान् एवं गौरवशाली पार्टी नेपाली कम्युनिष्ट पार्टी जिल्ला समितिको पदाधिकारी तथा काभ्रे जिल्लाबाट केन्द्रमा प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य तथा केन्द्रीय निकायका कमरेडहरूको संयुक्त बैठक केन्द्रीय सदस्य तथा बागमती प्रदेश कार्य संयोजन समिति सदस्य क. सूर्यमान दोङ (लालध्वज), केन्द्रीय सदस्य तथा बागमती प्रदेश कार्य संयोजन समिति सदस्य एवम् जिल्ला इन्चार्ज क. टोक बहादुर वाईवा, केन्द्रीय सदस्य तथा बागमती प्रदेश कार्य संयोजन समिति सदस्यहरु क. अकल बहादुर थिङ, क. रुकु चौलागाईं, क. तेज बहादुर मिजार लगायत केन्द्रीय सदस्य कमरेडहरुको विशेष उपस्थितीमा मिति २०८३/०७/१५ गते जिल्ला पार्टी कार्यालय बनेपामा तथा २०८३/०७/२८ गते जिल्ला पदाधिकारीहरूको भर्च्युअल बैठक जिल्ला संयोजक क. भोलाप्रसाद अर्यालको अध्यक्षतामा बस्यो । मिति २०८३/०७/१५ गतेको बैठकको सुझाव अनुसार पदाधिकारी बैठकले राष्ट्रिय जागरण अभियान सम्बन्धी गरेको निर्णय कार्यान्वयनको लागि यो परिपत्र जारी गरिएको छ ।

१. बैठकको प्रारम्भमा महान् जनयुद्ध, ऐतिहासिक जनआन्दोलन तथा नेपाली राजनीतिको सबै खाले परिवर्तनकारी आन्दोलनहरूमा आफ्नो अमूल्य जीवनको बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात महान् सहिदहरूप्रति १ मिनेट मौनधारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो ।

२. नेपाली कम्युनिष्ट पार्टी केन्द्रीय कार्य संयोजन समितिले २०८३ असोज २५ गते जारी गरेको अन्तर पाटीनिर्देशन-५, अभियान सञ्चालन निर्देशिका तथा बागमती प्रदेश समितिको कार्यालयले २०८३ कार्तिक ७ गते जारी गरेको परिपत्र बमोजिम काभ्रे जिल्लामा राष्ट्रिय जागरण अभियान सञ्चालन गर्न तपशील बमोजिम निर्णय गरिएको छ ।

क) अभियान सञ्चालनको लागि जिल्लाका १३ वटै स्थानीय तहमा निम्नानुसार कार्य विभाजन सहित अभियान टोली गठन गरिएको छ ।

चौरीदेउराली गाउँपालिका

- संयोजनः क. मुकुन्द गौतम र क. रेणुका चौलागाई केन्द्रीय सदस्यः क. दिपक गौतम वडा नं-४, क. यशुकुमारी लामा वडा नं.-९, क. राजिब मोक्तान वडा नं.-२, क. पासाङढोल्मु लामा वडा नं.-८,

भुम्लु गाउँपालिका

- संयोजनः जिल्ला कार्यालय

तेमाल गाउँपालिका

- संयोजनः क. गंगाबहादुर दोङ, केन्द्रीय सदस्यः क. होमकुमारी दोङ वडा नं.-२, क. रहर सिं तामाङ वडा नं.- ३, क. धनधोज तामाङ वडा नं.-९, क. सुभेक्षा श्रेष्ठ वडा नं.- १,

महाभारत गाउँपालिका

- संयोजनः क. कान्छालाल जिम्बा

खानीखोला गाउँपालिका

- संयोजनः क. ईन्द्र बहादुर थिङ, केन्द्रीय सदस्यः क. अनिता थिङ,

बेथानचोक गाउँपालिका

- संयोजनः क. शंकरध्वज लामा र क. विजय लामा

रोशी गाउँपालिका

- संयोजनः क. मिम बहादुर वाईवा र क. लाप्साङ पाखिन

पनौती नगरपालिका

- संयोजनः क. बसुन्धरा हुमागाई, केन्द्रीय सदस्यहरुः क. राजन थापा, क. नवराज के.सी., क. इश्वर बन्जारा

बनेपा नगरपालिका

- संयोजनः क. रघुबर चौ प्रधान
- केन्द्रीय सदस्यः क. भैरव के.सी. वडा नं.- ६, क. सवर प्रजापती वडा नं.- ७, क.ठाकुर तिमल्सिना वडा नं.- १२,

धुलिखेल नगरपालिका

- संयोजनः क. कृष्ण अधिरकारी

नमोवुद्ध नगरपालिका

- संयोजनः क. रामहरि खनाल र क. रामदेवी तामाङ

पाँचपाल नगरपालिका

- संयोजनः क.कृष्ण भण्डारी र क. शिवप्रसाद न्यौपाने, केन्द्रीय सदस्यः क. मारमेन तामाङ वडा नं.-८,

मण्डनदेउपुर नगरपालिका

- संयोजनः क. गोकुल गौतम र क. मीना चन्द ठकुरी
- केन्द्रीय सदस्यः क. रामहरि नेपाल वडा नं. -९, क. शम्भु फूँयाल वडा नं.-७, क. दुर्गा सिं तामाङ वडा नं.-३

केन्द्रीय सदस्य बाहेकका कमरेडहरुको निम्नानुसार कार्य विभाजन गरिएको छ ।

- उक्त पालिकामा मतदाता रहेका प्रदेश सचिवालय सदस्य तथा प्रदेश सदस्य कमरेडहरू ।
- पालिका समितिका पदाधिकारी तथा सदस्य कमरेडहरू ।
- उक्त पालिकामा मतदाता रहेका जिल्ला समितिका सदस्य कमरेडहरू ।
- उक्त पालिकाका वडा समितिका ईन्चार्ज तथा संयोजक कमरेडहरू ।
- उक्त पालिकाका जनवर्गीय तथा मोर्चा संगठनका ईन्चार्ज तथा संयोजक कमरेडहरू ।

ख) राष्ट्रिय जागरण अभियानमा जिल्लास्तर, पालिका स्तर, वडा स्तर र काठमाडौं उपत्यका सम्पर्क समन्वय समिति अन्तर्गत सञ्चालन हुने मुख्य-मुख्य कार्यक्रमहरूलाई निम्नानुसार सञ्चालन गर्ने निर्णय गरिएको छ ।

जिल्ला समिति अन्तर्गत सञ्चालन हुने कार्यक्रमः

- प्रदेश समितिसँगको समन्वयमा जिल्ला तहमा भेला आयोजना गर्ने ।
- मंसिर १५ देखि २५ गतेसम्ममा राष्ट्रिय अभियानको मूल्याङ्कन, समस्या तथा कमी कमजोरीको समस्या र आगामी राजनीतिक तथा सङ्गठनात्मक कार्ययोजना निर्माण गर्न समीक्षा बैठक आयोजना गर्ने ।
- जिल्लाका सम्पूर्ण नेता/कार्यकर्ता तथा युवा, विद्यार्थी, महिला, किसान, मजदुर लागायत जनवर्गीय संगठन तथा स्वयंसेवकलाई अभियानमा संगठित रुपमा परिचालन गर्ने ।
- प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारलाई ज्ञापनपत्र पेश गर्ने ।
- अभियानको समग्र योजना, नीति, परिचालन, अनुगमन, समन्वय तथा मूल्यांकन गर्ने ।
- पार्टी तथा जनवर्गीय संगठनका बाँकी समायोजनका काम मंसिर मसान्तभित्र सम्पन्न गर्ने ।

पालिका समिति अन्तर्गत सञ्चालन हुने कार्यक्रमः

- पालिका कार्य संयोजन समितिको बैठक आयोजना गर्ने ।
- वडा तहमा अभियानको टोली परिचालन तथा कार्य विभाजन र वडाको अभियानलाई संयोजन गर्ने ।
- वडा कार्य संयोजन समिति गठन हुन बाँकी वडाहरूमा समिति गठन गरी पार्टी एकतालाई पूर्णता दिने ।
- अभियानको अन्त्यतिर पालिकास्तरीय भेला तथा प्रशिक्षण कार्यक्रम आयोजना गर्ने ।
- पार्टी संगठित सदस्यता नवीकरण तथा विस्तारको कार्यमा वडा समितिलाई परिचालन गर्ने ।
- पालिकास्तरीय जनवर्गीय तथा मोर्चा संगठनहरुको भेला सम्मेलन सम्पन्न गर्ने ।
- अभियानको समापनमा समीक्षा सहित प्रतिवेदन तथा अभिलेख तयार गरेर एक प्रति पालिकामा राखी जिल्लामा पेश गर्ने ।

वडा समिति अन्तर्गत सञ्चालन हुने कार्यक्रमः

- वडा कार्यसंयोजन समितिको बैठक आयोजना गर्ने ।
- संगठित सदस्यको सदस्यता नवीकरण तथा सदस्यता विस्तार गर्ने ।
- टोलस्तरमा टोल समिति गठन गरी भेला तथा राजनीतिक बैचारिक कार्यक्रम आयोजना गर्ने

- पार्टी कार्यालय स्थापना हुन बाँकी वडाहरूमा वडा समितिको कार्यालय स्थापना गर्ने ।
- परिचयपत्र बनाउन बाँकी उमेर पुगेका मतदाताको मतदाता परिचयपत्र बनाउने ।
- पार्टीका सबै नेता/कार्यकर्ताहरुको आफन्तहरूलाई पार्टीमा आवद्ध गर्न पहल गर्ने ।
- सामाजिक सञ्जाल मार्फत पार्टीको पक्षमा सबै नेता कार्यकर्ताहरुले प्रचार/प्रसार गर्ने/गराउने ।
- पालिकास्तरीय जनवर्गीय तथा मोर्चा संगठनहरुको भेला सम्मेलन सम्पन्न गर्ने ।
- अभियानको समापनमा समीक्षा सहित प्रतिवेदन तथा अभिलेख तयार गरेर एक प्रति वडामा राखी पालिका र जिल्लामा पेश गर्ने ।
- वडा समितिको प्रत्यक्ष पहलमा सहरी क्षेत्रमा बसोबास गर्ने समर्थक/शुभचिन्तकहरूलाई भेला गरी सहरी क्षेत्र सम्पर्क समन्वय समिति गठन गरी परिचालन गर्ने ।
- विभिन्न कामले परदेशमा रहेका पार्टीका समर्थक/शुभचिन्तकहरूलाई सम्पर्कमा राखी परिचालन गर्ने ।

<u>सम्पर्क समन्वय समिति अन्तर्गत सञ्चालन हुने कार्यक्रम:</u>

- काठमाडौं उपत्यका तथा शहरी क्षेत्रमा बसोबास गर्ने पार्टी कमरेडहरूलाई समेटेर भेला तथा प्रशिक्षण कार्यक्रम आयोजना गर्ने ।

ग) जिल्ला पार्टीको संगठनात्मक र विभागीय कामहरुलाई व्यवस्थित ढंगले नियमित र अभियानका कार्य सञ्चालन गर्न निम्नानुसार विभागहरु गठन गरियो ।

- **<u>संगठन विभाग:</u>**
  प्रमुख: क. भोलाप्रसाद अर्याल, उपप्रमुख: क. गोकुल गौतम, सदस्य: १३ वटै पालिकाका संयोजक कमरेडहरू
- **<u>पार्टी स्कूल विभाग</u>**
  प्रमुख: क. ईन्द्र बहादुर थिङ, उपप्रमुख: क. यशुकुमारी लामा, क. आईतसिं तामाङ
- **<u>प्रचार विभाग:</u>**
  प्रमुख: क. दलमान थोकर, सदस्यहरु: प्रेस सेन्टर र समाजवादी प्रेस संगठन, नेपालका कमरेडहरू
- **<u>आर्थिक विभाग:</u>**
  प्रमुख: क. कृष्ण कुमार भण्डारी

- **जातीय मोर्चा संगठन परिचालन तथा संयोजन:** ईन्चार्ज क. गंगाबहादुर तामाङ ।
- **जनसंगठन परिचालन तथा संयोजन:** ईन्चार्ज क. बसुन्धरा हुमागाई ।
- **किसान माहासंघ परिचालन तथा संयोजन:** ईन्चार्ज क. मीना तामाङ ।
- **पेशागत महासंघ परिचालन तथा संयोजन:** ईन्चार्ज क. रघुवर चौ प्रधान ।
- **महिला संगठन परिचालन तथा संयोजन** ईन्चार्ज क. होमकुमारी दोङ, प्रमुख: क. पासाङढोल्मु लामा, उपप्रमुख क. सुन्तली थिङ।
- **दलित संगठन परिचालन तथा संयोजन:** ईन्चार्ज क. विष्णु मिजार, क. मनिष बर्देवा ।
- **युवा/विद्यार्थी संगठन परिचालन तथा संयोजन** : ईन्चार्ज क. दैवलाल घिसिङ, क. अविलास तामाङ, क. भेषराज शाह, क. डेमासाङ योञ्जन (प्रदिप), क. विजय लामा र क. रामेश्वर आचार्य ।
- **शिक्षक/वुद्धिजिवी संगठन परिचालन तथा संयोजन:** ईन्चार्ज क. कृष्ण कुमार भण्डारी

ङ) अभियानमा खटिएको टोलीका सदस्यहरूको कार्य संपादन, सदस्यता नवीकरण तथा सदस्यता विस्तार संगठनात्मक समायोजनको प्रगति, भेला तथा प्रशिक्षण र समग्र अभियानको मूल्यांकन गर्न निम्न बमोजिम अनुगमन तथा मूल्यांकन समिति गठन गरिएको छ ।

संयोजक क. दिननाथ गौतम, जिल्ला ईन्चार्ज क. टोकबहादुर वाईवा, जिल्ला संयोजक क. भोला प्रसाद अर्याल

३. पार्टीको कामलाई व्यवस्थित रुपमा सञ्चालन गर्न केही कमरेडहरूको जिम्मेवारी हेरफेर गरिएको छ । बनेपा नगर कार्य संयोजन समितिको ईन्चार्जको जिम्मेवारी क. रघुवर चौ प्रधानलाई प्रदान गरिएको छ । रोशी गाउँ कार्य संयोजन समितिका संयोजक क. जगत तमाङले कार्यव्यवस्ततालै कार्य संपादन गर्न समय दिन नसक्नु भएकोमा अर्को व्यवस्था नभएसम्म सहसंयोजक कमरेडको अध्यक्षतामा बैठक बसी गतिविधिलाई अगाडि बढाउने निर्णय गरियो ।

४. राष्ट्रिय जागरण अभियानलाई जिल्लामा व्यवस्थित रुपमा सम्पन्न गर्न जिल्ला समितिका पदाधिकारीहरू र केन्द्रीय सदस्य रहेको कार्यालय गठन गरिएको छ ।

५. अभियानको व्यवस्थापन सम्बन्धित तहले नै गर्ने र अघिल्लो बैठकको निर्णय अनुसार जिल्लामा बुझाउन बाँकी रहेको जनप्रतिनिधिहरुको लेबी, केन्द्रीय सदस्य, प्रदेश सदस्य र जिल्ला समिति सदस्यहरुको केन्द्रीय कार्यालय निर्माणको निम्ती तोकिएको दायित्व जिल्ला कार्यालयमा यथाशिघ्र बुझाउने निर्णय गरियो ।

अन्त्यमा बैठकले लिएको निर्णयहरु कार्यान्वयन गर्न गराउन अनुरोध गर्नुहुँदै बैठकमा सहभागी कमरेडहरुप्रति आभार व्यक्त गर्नुहुँदै जिल्ला संयोजक क. भोला प्रसाद अर्यालले बैठक समापन गर्नुभयो ।

क्रान्तिकारी अभिवादन सहित !

.....	नेपाली कम्युनिष्ट पार्टी जिल्ला समिति काभ्रेपलाञ्चोक	.....
क. भोला प्रसाद अर्याल		क. टोक बहादुर वाईवा
संयोजक		इन्चार्ज